ओपन माईक नेपाल बुलेटिनको बत्तिसौं अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु र उनीहरु मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# सवाल

## शहरे, दोलखा

"पानीको एकदमै समस्या छ। घर बनाउन पैसा दियो भने पनि घर बनाउनको लागि पानी नै छैन।"

## जीवनपुर, धादिङ

"घर बनाएर त बस्ने हो तर घर बनाउन पनि पानी छैन।"



## जलकन्या, सिन्धुली

"गाउँमा मुहानको पानी संकलन गर्ने ट्यांकी पनि फुटेर गयो। यहाँ खानेपानीको समस्या छ।"

## नलाङ, धादिङ

"भूकम्पले पानीको मुहानमा क्षति पुऱ्याएको कारण वरपरका मुहानहरू सुकेका छन्।"

## हाँडिखोला, मकवानपूर

"सफा खानेपानीको अझै पनि समस्या रहेको छ।"

# जवाफ

भूकम्प प्रभावित जिल्लामा स्थानीय निकायले खानेपानीको आपूर्ति सुचारु गर्न फुटेका पानी ट्यांकी वा पाइप मर्मत गर्ने वा नयाँ जडान गर्ने कार्य गरिरहेको छ।

यदि भूकम्पका कारण मुहान सुकेको छ भने स्थानीयवासी आफैंले पानीको वैकल्पिक स्रोत खोजेर गाउँ विकास समितिको सिफारिस सहित प्राविधिक तथा आर्थिक सहयोगको लागि जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा लिखित निवेदन दिनुपर्छ।

निवेदन प्राप्त भएपछि कार्यालयले पानी खान योग्य छ छैन भनेर परिक्षण गर्ने र संघसंस्थाको सहयोगमा पाइप वितरण र पानी ट्यांकी निर्माण वा मर्मत गर्छ।
यदि तपाईको गाउँको पानी ट्यांकी भूकम्पका कारण क्षतिग्रस्त भएको छ भने जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा सम्पर्क राख्नुहोस्।

भूकम्पका कारण खानेपानीको पाइप बिग्रेको छ र थोरै रकममा नयाँ पाइप जडान गर्न मिल्छ भने कार्यालयले जिल्ला दैवि प्रकोप उद्धार समितिसँग समन्वय गरेर पाइप वितरण गर्छ।

**मनोज घिमिरे**
उपमहानिर्देशक
खानेपानी तथा
सरसफाई डिभिजन विभाग
९८६१०२२२८९

**हरि तिमल्सिना**
इन्जिनियर
जिल्ला खानेपानी तथा
सरसफाई डिभिजन कार्यालय
दोलखा
९८४१६००२८०

# हल्ला



## स्वाँरा ठोटनेरी, गोरखा

"झुसिलकिराको संक्रमणबाट हाम्रो गाउँमा पाँचवटा पशु चौपाया मरीसके। मान्छेलाई पनि उतिकै सास्ती भएको छ।"

# यथार्थ

एउटा-दुईटा झुसिलकिरा झुक्किएर खाँदैमा गाई वा भैँसी मर्दैनन्। गाईवस्तुले सयौँ झुसिलकिरा खाएमा मात्रै त्यसको विष लागेर मर्न सक्छन्।

यदि कुनै पशु चौपायाले झुक्किएर झुसिलकिरा खाएमा, झुसिलकिराको झुसले पाचन नलिमा असर पुऱ्याउन सक्ने हुनाले पेट फुल्ने, ऱ्याल काढ्ने जस्तो लक्षण देखिन सक्छ।

गाईवस्तुलाई घास दिँदा झुसिलकिरा छ छैन हेरेर दिनुपर्छ।

यदि तपाईँको गाउँमा गाईवस्तु मरेका छन् भने मृत्युको कारण अरु केहि हुन सक्छ। अनुसन्धान र अनुगमनका लागि जिल्ला पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्।

मानिसको शरिरमा झुसिलकिराको झुस पऱ्यो भने डाबर आउने र चिलाउने हुन्छ। झुसिलकिराको सम्पर्कमा आएे शरिरको भागलाई पानीले राम्रोसँग पखाल्नुहोस्। यदि झुसिलकिराको झुस आखाँमा पऱ्यो भने अथवा सास फेर्दा झुस निलियो भने नजिकको स्वास्थ्य चौकीमा सम्पर्क गर्नुहोस्।

झुसिल किराको बिगबिगी नियन्त्रण गर्न गाईको पिसाब वा टिमुरको झोल जस्ता घरेलु औषधी वरिपरि छर्न सकिन्छ। विषादी छर्किएको घाँसले गाई वस्तुलाई असर गर्ने हुनाले विषादीको प्रयोग नगर्नुहोस्।

डा. उमेश दाहाल
सूचना अधिकृत
पशु स्वास्थ्य निर्देशनालय
पशु सेवा विभाग
९८५११५२७०५

सोम पन्त
पशु सेवा प्राविधिक
जिल्ला पशु सेवा कार्यालय
गोरखा
०६४-४११२५१

# हल्ला

## बनेपा, काभ्रेपलाञ्चोक

"गैरसरकारी संस्थाले पुनर्निर्माणको लागि सिधै समूदायमा गएर घर बनाउन सहयोग गर्न पाइँदैन रे। सरकारलाई पैसा दिएपछि सरकारले घर बनाउँछ रे।"



## मिर्गे, दोलखा

"हाम्रो वडामा विदेशी संस्थाले घर बनाइदिने भनेको थियो तर सरकारले स्वीकृति दिएन रे।"

# यथार्थ

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गैरसरकारी संघसंस्थालाई पुनर्निर्माण अनुदान योग्यताको मापदण्ड तयार नभएसम्म र संस्थाले काम गर्न चाहेको क्षेत्रमा पुनर्मुल्यांकनको सर्वेक्षण पूरा नभएसम्म आवास पुनर्निर्माण कार्य अघि नबढाउन अनुरोध गरेको छ। तर संघसंस्थाले नमूना घरहरू निर्माण गर्न तथा डकर्मी तालिम सञ्चालन गर्न भने सक्छन्।

आवास पुनर्निर्माणमा सहयोग गर्न चाहने संघसंस्थाले प्राधिकरणसँग आर्थिक, प्राविधिक वा भौतिक कस्तो खालको सहयोग प्रदान गर्ने हो त्यसको विवरण सहित सम्झौता गर्नुपर्छ। प्राधिकरण गठन हुनु अघि शहरी विकास तथा भवन निर्माण विभाग वा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयसँग गरिएका सम्झौताहरू पनि प्राधिकरणद्वारा अनुमोदन गराइनुपर्छ।

यस्ता विषयहरुलाई प्राधिकरणले तयारीको क्रममा रहेको गैरसरकारी संस्था परिचालन निर्देशिकामा विस्तृत रुपमा सम्बोधन गर्नेछ।

सरकारले घरधनीको प्रत्यक्ष संलग्नतामा आवास पुनर्निर्माण गर्न चाहन्छ, जसअनुसार सरकार वा संस्थाको सहयोगमा घरधनी आफैँले घर बनाउनुपर्छ।

अनुदान वितरण कार्यविधिको मस्यौदा अनुसार यदि घरधनीले घर पुनर्निर्माणका लागि संघसंस्थाबाट सहयोग लिएमा सरकारी अनुदान पाउने छैनन्।

**भिष्म भुसाल**
सचिव
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११२७७५७

**ब्रबिम कुमार केसी**
सञ्चार अधिकारी
आवास पुनर्निर्माण तथा पुर्नलाभ मञ्च
९८५१११३९६९

# सवाल



## भीमफेदी, मकवानपुर

"यहाँका ऐतिहासिक संरचनाको बारेमा किन चासो पुगेन त्यो पनि जान्न पाए हुन्थ्यो।"

# जवाफ

पुरातात्विक विभागले भूकम्प प्रभावित ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको पुनर्निर्माणको लागि निर्देशिका तयार गर्दैछ।

संयुक्त राष्ट्रसंघ शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) जस्ता संघसंस्थाको सहयोगमा क्षति विश्लेषण गर्ने जस्ता प्रारम्भिक काम भने केहि क्षेत्रमा शुरु भइसकेको छ।

पुरातात्विक विभागले भूकम्प प्रभावित जिल्लामा सांस्कृतिक तथा ऐतिहासिक संरचनामा भूकम्पका कारण भएको क्षति मुल्यांकन गरेर जिर्णोद्धार तथा पुनर्निर्माण गर्नपर्ने संरचनाको प्रारम्भिक सूची तयार गरेको छ।

यदि तपाईंको स्थानीय संरचना विभागको सूचीमा छ वा छैन भनेर जान्न चाहनुहुन्छ भने जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्नुहोस्।

पुनर्निर्माणको क्रममा विश्व सम्पदाको सूचीमा रहेका र राख्न खोजिएका ऐतिहासिक तथा सांस्कृतिक सम्पदालाई प्राथमिकता दिइनेछ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले राष्ट्रिय तथा स्थानीय सम्पदाको पुनर्निर्माणको लागि सम्पदा संरक्षण विभागको स्थापना गर्ने योजना बनाएको छ।

**राम बहादु कुँवर**
प्रवक्ता
पुरातात्विक विभाग
९८५१०९२६२२

**निराना शाक्य**
सुचना तथा ज्ञान व्यवस्थापक
सहायक
युनेस्को नेपाल
०१५५५३९६ (Ext: १२)

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। माघ २८ गतेदेखि फाल्गुण ६ गतेसम्म ७ जिल्लाका करिब ५६५ जना स्थानीयवासीसँगका कुराकानी र सामुदायिक छलफल गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL **प्रस्तुत गर्ने संस्थाहरू**

accountabilitylab | Local Interventions Group data driven development | Internews